तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड
Tinau Mission Development Bank Limited
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
Head Office:
Butwal-4, Palpa Road, Rupandehi
Phone: 071-541055, 541279
Fax: 071-542812
Email: info@tinaumissionbank.com

मिति: २०७७।१०।१५

प.सं.०७७/७८
च.नं. ९५९

श्री नेपाल स्टक एक्सचेञ्ज
सिंहदरबार प्लाजा
काठमाण्डौ ।

**विषय: आ.व. ०७६/७७ को साधारण सभा सम्पन्न भएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको मिति: २०७७ साल माघ १५ गते बिहिवार चौधौं वार्षिक साधारण सभा सम्पन्न भइ उक्त साधारण सभाले २०७६ साल असाढ मसान्तमा कायम रहेको चुक्ता पुंजीको ६ प्रतिशतका दरले बोनस शेयर शेयरधनीहरुलाई बाड्ने प्रस्तावका साथै साधारण सभामा प्रस्ताव गरिएको साधारण प्रस्ताव र विशेष प्रस्ताव सर्वसम्मतले पारीत गरेको व्यहोरा जानकारी गराउंदछु ।

**(क) सामान्य प्रस्तावहरु :-**

(१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) आ.व.२०७६/०७७ को तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल आषाढ मसान्तको वासलात, मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण र यसका अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) आ.व.२०७६/०७७ को साविक नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल मंसिर २१ गतेसम्मको वित्तीय विवरणहरु गरी पारित गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :-**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको हाल कायम रहेको चुक्ता पूंजी रु.१,८१,३१,२७,२००।८५ को ६ प्रतिशतले हुने रकम रु.१०,८७,८७,६३२.०५ बराबरको बोनश शेयर वितरण गर्न स्वीकृति गर्ने ।

(२) प्रबन्धपत्र तथा नियमावलीमा तीन महलेमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने ।

(३) साविकको नेपाल कम्युनिटि डेभलपमेण्ट बैंक लिमिटेडको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता खारेजी र कर कार्यालयमा हिसाव फाछयौट गरी पान नं. दर्ता खारेजी गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) गर्ने सम्बन्धी प्रस्ताव पारीत गर्ने ।

(५) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) प्रयोजनको लागि मुल्याङ्कनकर्ताले तयार गरेको तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको चल अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Review) तथा अन्य सम्बद्ध व्यवस्था समेतको आधारमा निर्धारण गरिएको तिनाउ मिसन डेभलपमेण्ट बैंकको शेयरको मुल्य पारित गरी शेयर अनुपात १:०.९६ मा प्राप्ती (Acquisition) गर्ने कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने ।

"समृद्धिको सहयात्री"
तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड
Tinau Mission Development Bank Limited
(नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजतपत्रप्राप्त संस्था)

**Head Office:**
Butwal-4, Palpa Road, Rupandehi
Phone: 071-541055, 541279
Fax: 071-542812
Email: info@tinaumissionbank.com

(६) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) प्रयोजनको लागि नियुक्त लेखा परिक्षक (DDA मुल्याङ्कनकर्ता) M.R. Associates का चार्टर एकाउण्टेण्ट मिलन रिजालको नियुक्ति तथा पारिश्रमिकलाई अनुमोदन गर्ने ।

(७) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) गर्ने सम्वन्धी अन्तिम सम्झौता पत्र तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने ।

(८) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) गर्ने प्रयोजनको लागि भएको सम्झौता बमोजिम आवश्यक स्वीकृतिको लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र प्राप्तिसंग सम्बन्धित प्रचलित कानून निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्वन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरण तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, प्राप्ति कार्य सम्वन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्न गराउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(९) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) गरे पश्चात प्राप्ती सम्वन्धि सहमति पत्र तथा अन्तिम सम्झौता पत्रमा उल्लेख भए बमोजिम सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको प्रबन्ध पत्र तथा नियमावली लागु हुने साथै उक्त प्राप्ति (Acquisition) सम्वन्धी कार्य सम्पन्न भई एकिकृत कारोवार नभएसम्मको अवधिको लागि समेत हालको यस तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको संचालक समति यथावत कायम रहने विशेष व्यवस्था गर्ने ।

(१०) साधारण सभाद्धारा स्वीकृत गरिएको प्रस्तावित प्रबन्धपत्र तथा नियमावलीको संशोधन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सो मा थपघट गर्न वा सच्याउन सन्चालक समितिलाई अख्तियारी दिने ।

(ग) **विविधः**

१) बैंकको लेखा परिक्षण समितिको सिफारीस बमोजिम आ.व. ०७७/७८ को एक्विजिसन भएको मितिसम्मको लेखा परिक्षण गर्न लेखा परिक्षण नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।

२) साधारण सभाको माइन्युटमा हस्ताक्षर गर्ने सम्वन्धमा ।

भवदीय

..................

प्रदिप कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव